प्रतिदिन १८औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**जाडोबाट बच्ने उपाय ।**

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोंबार्ट बचौं र बचाओं ।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१८ ।। अङ्क : ००२ ॥ २०८२ माघ १८ गते आईतबार (1st Jan 2026 Sunday) | Pratidin National Daily | मूल्य–रु.५/–

# झापा औद्योगिक व्यापार महोत्सव बन्द

झापा, माघ १७ । प्रहरीलाई दोष लगाउँदै आयोजक झापा उद्योग वाणिज्य संघले झापा औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव शुक्रवारदेखि बन्द गरेको छ ।
भद्रपुरको मेची रंगशालामा माघ ७ देखि माघ २२ गतेसम्मका लागि भनेर संचालन गरिएको सो महोत्सव प्रहरी असहयोगका कारण अब चलाउन नसक्ने जनाउँदै निर्धारित मितिअगावै बन्द गर्नुपरेको आयोजकले जनाएको छ ।
झापा उद्योग वाणिज्य संघको कार्यालयमा साउण्ड सिस्टमको प्लग तानिदिने, पिडमा चढ्दै गरेका सर्वसाधारणलाई झार्ने, आयोजकलाई विभिन्न किसिमका प्रताडना दिनेजस्ता क्रियाकलापका कारण महोत्सवलाई नै सुरक्षा प्रदान गर्नुपर्ने प्रहरी प्रशासनकै त्रासका बीच महोत्सव सञ्चालन गर्न चुनौती देखा परेको उनले बताए ।

उनले महोत्सवलाई शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्ने उद्देश्यले प्रहरी-प्रशासनको नजिकको त्यस विषयमा सार्क चेम्बर अफ कमर्सका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डीराज ढकालसहित जिल्लाका सबै राजनीतिक दलका जिम्मेवार प्रतिनिधि, उद्योगी व्यवसायीहरुको प्रतिनिधिमण्डलले माघ १४ गते जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकर्षण पत्रसहित न्यूनतम राति १० बजेसम्म महोत्सव संचालन गर्न दिन माग गरेका थिए । तर प्रशासनले राति ९ बजेसम्म मात्र महोत्सव सञ्चालन गर्न अनुमति दिएको थियो ।




शुक्रवार साँझ पत्रकार सम्मेलन गरी झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राईले जिल्ला प्रहरी कार्यालयमा भर्खरै सरुवा भई आएकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले कमाण्ड सम्हालेको दिनदेखि नै प्रशासन र प्रहरीको तर्फबाट यो महोत्सवलाई हेर्ने दृष्टिकोण सकारात्मक नबनेको गुनासो गरे । महोत्सवले गति लिदै गर्दा , स्टलहरुमा अवलोकनकर्ताको भीड बढ्दै गर्दा, कलाकार हरुको प्रस्तुतिले दर्शकलाई मनोरञ्जन प्रदान गर्दैगर्दा 'समय'को विषयलाई लिएर प्रहरीले स्थल मेची रंगशालालाई रोजेकोमा प्रहरीबाटै असुरक्षित भएको महसुस हुन थालेपछि महोत्सवको निर्धारित मितिअगावै समापन गर्नुपर्ने अवस्थामा आफूहरु पुगेको जानकारी दिए ।
महोत्सवको स्वीकृति पत्रमा जिल्ला प्रशासन कार्यालय झापाले समयको कुनै सीमा तोकेको थिएन । माघ १३ गते आयोजक झापा उद्योग वाणिज्य संघलाई विविध शर्तसहित बेलुकाको ७ बजेसम्म महोत्सव संचालन गर्न पत्र पठाइएको थियो ।

प्रमुख जिल्ला अधिकारीसंग सहमति भइसकेर प्रहरी उपरीक्षकले दख्खल दिँदा महोत्सव संचालन गर्न नसकिएको भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलले बताए । उनले महोत्सव चल्न नदिएर प्रहरीले गलत गरेको आरोप लगाए ।
महोत्सव नचल्दा एक करोडभन्दा बढी घाटा भएको छ । विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय कलाकारहरुसँग आउने मितिसहित सम्झौता भई सम्झौता रकमसमेत बुझाइसकेको अवस्थामा महोत्सव नै बन्द गर्नुपर्दा आयोजकले ठूलो घाटा व्यहोर्नुपरेको कार्यवाहक अध्यक्ष राईले बताए ।

**प्रहरीले बन्द गरेको होइन– प्रहरी उपरीक्षक खड्का**

आयोजक झापा उद्योग वाणिज्य संघले भर्खर सरुवा भएर आएकी प्रहरी उपरीक्षक बसुन्धरा खड्कामाथि दोष लगाइरहँदा उनले प्रहरीले महोत्सव बन्द नगराएको स्पष्ट पारेकी छन् । जिल्ला प्रशासन कार्यालयले अनुमति दिएको समय सीमा राति ९ बजेसम्म महोत्सव संचालन गर्दा आफूहरुले कुनै अप्ठ्यारो नपारेको उनले बताइन् ।

'महोत्सव बन्द गर्ने काम प्रहरीले गरेको छैन' उनले प्रतिदिनसंग कुरा गर्दै भनिन् ' राति ९ बजेसम्म उहाँहरुले महोत्सव चलाउँदा कति सुरक्षाकर्मी चाहिन्छ ,हामी दिन तयार छौं ।' उनले जिल्ला प्रशासन कार्यालयको आदेशलाई प्रहरीले कार्यान्वयन गरेको जानकारी दिइन् । तोकेको समयभन्दा पछाडि राति १२ बजेसम्म महोत्सव चलाउन खोज्दा प्रहरीले संचालन गर्न नदिएको एक प्रहरी अधिकृतले बताए । ती अधिकृतका अनुसार सिक्सर , हाउजीजस्ता जुवाजन्य खेलहरु खेलाउने प्रयास गर्दा प्रहरीले रोकेको हो । त्योसंगै महोत्सवमा होहल्ला र झैझगडा हुने गरेको स्थानीयबाट गुनासो आएको उनले बताए ।

माघ ७ गते उद्घाटन गरिएको यो महोत्सवमा १२० भन्दा बढी स्टल बनाइएको थियो । तर,आधाभन्दा बढी स्टलहरु खाली नै रहेका थिए । औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव भनिएको सो महोत्सवमा खासै आर्थिक कारोबार नै भएको थिएन । धान्न नसक्ने अबस्थामा पुगेपछि कलाकार र खेल तमासाबाट आयोजकले महोत्सव चलाउन खोजेको बताइन्छ ।

# झापामा भएका दुर्घटनामा दुईजनाको मृत्यु

झापा, माघ १७। झापामा भएका सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ । बिर्तामोडमा भएको स्कुटी दुर्घटनामा चालकको मृत्यु भएको छ । शनिवार राति ८;२५ बजे बिर्तामोड वडा न.७ खोपवारीस्थित भित्री पक्की सडकखण्डमा प्याकुरेल चौकबाट बुट्टावारीतर्फ जाँदै गरेको प्र.१-०१-०१३ प.९१९९ न.को स्कुटी आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको हो । दुर्घटनामा स्कुटी चालक बिर्तामोड वडा न.७ बस्ने ३५ वर्षीय सुभाष मादेन गंभीर घाइते भएका थिए । टाउकोमा चोट लागेका घाइते मादेनलाई उपचारको लागि बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा ल्याई डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । मृतकको शव सोही अस्पतालको लाश घरमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै मेची पुलको



ब्यारीकेटमा मोटरसाइकल ठोक्किदा एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् । शुक्रवार राति १० बजे मेचीनगर ६ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेको प्र.१-०१-०१२ प ३८४९ न.को मोटरसाइकल सडकमा राखिएको ब्यारीकेटमा ठोक्किएर दुर्घटना भएको थियो ।
दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर ६ बस्ने ३५ वर्षीय काशीनाथ पौडेल र पछाडि सवार सोही ठाउँ बस्ने ४० वर्षीय चेतन कट्वाल घाइते भएका थिए । शरीरमा चोट लागेर गम्भीर घाइते भएका कट्वाललाई आम्दा अस्पताल धुलाबारी पठाएकोमा राति डाक्टरले मृत घोषणा गरेका छन् । घाइते मोटरसाइकल चालक पौडेललाई थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको प्रहरीले जनाएको छ ।

# झापामा लागूऔषधसहित एकैदिन चारजना पक्राउ

झापा, माघ १७ । झापामा लागूऔषधसहित एकैदिन चारजना पक्राउ परेका छन् । शुक्रवार बिहान ११:३० बजे अर्जुनधारा ११ बसपार्कस्थित कृष्ण भट्टराईको घरमा डेरा गरी बस्ने अनिश राईको कोठामा लागूऔषध बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट बसपार्कबाट प्रहरी टोली खटिएर चेकजाँच गर्दा पाँचथर याङबरक ६ बस्ने वर्ष २५ का अनिश राई र धरान १७ बस्ने वर्ष १९ की लिला तामाङ बसेको कोठाबाट प्लाष्टिकबाहेक ३ ग्राम ७०० मिलिग्राम ब्राउनसुगर र प्रतिबन्धित औषधी नाइट्रोसन ९ वटा ट्याब्लेट बरामद भएको थियो ।
त्यस्तै शुक्रवार दिउँसो ४बजे बिर्तामोड वडा नं. ४कालिकानगर बस्ने ४६ वर्षीय फणिन्द्र विश्वकर्माको घरमा लागूऔषधको कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट टोली खटिएर चेकजाँच गर्दा प्लाष्टिकबाहेक १ग्राम १२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो।लागूऔषधसहित विश्वकर्मालाई नियन्त्रणमा लिइएको छ ।
त्यस्तै शुक्रवार साँझ ५बजे लागूऔषध नियन्त्रण व्यूरो कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेची पुलमा भारतको पानीट्याङ्कीबाट सिटीसफारीमा नेपालतर्फ आउँदै गरेका कमल गाउँपालिका वडा नं. ३केर्खा बस्ने ३७ वर्षीय राजु ढकाललाई प्लाष्टिकबाहेक ८ ग्राम २३० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको छ । उनले अण्डरवेयरभित्र सो लागूऔषध लुकाएर ल्याएका थिए ।

# गाउँ पस्दैं उम्मेद्वार, पुरानै समस्या अघि सार्दैं मतदाता

मेचीनगर, माघ १७ । फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले चुनावी प्रचार प्रसार फागुन ४ देखि १८ गतेसम्म तोकेको छ । औपचारिकरुपमा त्यो समय आउन निक्कै दिन बाँकी छ । तर, झापाको निर्वाचन क्षेत्र नम्बर १ का विभिन्न उम्मेद्वारहरुले मतदाता र कार्यकर्तासँगको भेटघाटलाई तीब्र पारेका छन् ।

भेटघाटकै क्रममा उम्मेद्वारहरुले आफ्नो पक्षमा मत माग्न थालेका छन् । स्थानीय ठाउँको समस्या त्यसको समाधानका उपायसहित उम्मेद्वारहरुले मतदातालाई मख्ख पार्ने र मत आफ्नो पक्षमा पार्न थालेको यस क्षेत्रका मतदाताहरुको भनाई छ ।

झापाको निर्वाचन क्षेत्र नम्बर १ मा मेचीनगर नगरपालिकाको १५ वटै वडा बुद्धशान्ति गाउँपालिकाको ४,५,६ र ७ गरी चारवटा भद्रपुर नगरपालिकाको ९ र १० गरी दुईवटासहित कुल २१ वटा वडा पर्दछन् । यस क्षेत्रमा ६५ हजार आठ सय ५८ पुरुष र ६२ हजार पाँच सय नौ गरी कुल मतदाता संख्या एकलाख ३१ हजार ६७ रहेको छ ।

आगामी प्रतिनिधि सभा निर्वाचनमा यस क्षेत्रबाट विभिन्न १३ वटा राजनीतिक दलका १३ जना तथा दुई स्वतन्त्र गरी १५ जना उम्मेद्वार चुनावी प्रतिस्पर्धामा छन् । उनीहरु विभिन्न बहानामा गाउँ छिर्ने क्रम शुरु भइसकेको छ । उम्मेद्वार आफ्ना नेता कार्यकर्तासहित बजार क्षेत्र मात्र होइन, ग्रामीण क्षेत्रका मतदाताहरुसँगको भेटलाई निक्कै बाक्लो बनाइरहेका छन् । ती उम्मेदवारसँग मतदाताका भने पुरानै माग छन् ।
झापा क्षेत्र नम्बर १ मा आसन्न निर्वाचनका लागि प्रमुख दलहरूले नयाँ उम्मेदवार मैदानमा उतारेका छन् । नेकपा एमालेबाट रामचन्द्र उप्रेती, नेपाली काँग्रेसबाट केशवराज पाण्डे, नेपाली कम्युनिष्ट पार्टीबाट अशेष घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निशा डाँगी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हेमराज कार्की, श्रम संस्कृति पार्टीबाट केवलराम राई, उज्यालो पार्टी नेपालबाट नरेश लावती उम्मेदवार छन् । अन्य राजनीतिक दल र स्वतन्त्र उम्मेद्वार समेत यस क्षेत्रबाट प्रतिस्पर्धा गर्न चुनावी मैदानमा छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निशा डाँगीबाहेक माथि देखिएका सवै उम्मेद्वारको लागि संसदीय प्रतिस्पर्धा पहिलो हो । डाँगी यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक सांसद् बनेर संसदीय यात्राको अनुभव लिएकी छन् । एमालेका उप्रेती पुराना बामपन्थी नेता लामो समय जेल जीवन विताएका सहकारीका अभियन्ता तथा सामाजिक, कृषि र उद्योगका क्षेत्रमा निक्कै अनुभव बटुलेका अनुभवी व्यक्ति हुन् ।

नेपाली काँग्रेसका पाण्डे पार्टीका झापा उपसभापति हुन् । नेपाली कम्युनिष्ट पार्टीका घिमिरेको स्थायी बसोबास मेचीनगर हो । काठमाडौं बसोबास गर्दै आएका घिमिरे नेपाली कम्युनिष्ट पार्टीबाट प्रतिस्पर्धा गर्न झापा आएका हुन् । यसैगरी हेमराज कार्की त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्थे । राष्ट्रिय प्रजातन्त्र पार्टीले कार्कीलाई उम्मेदवार बनाएको छ । श्रम संस्कृति पार्टीका राई झापा मेचीनगर– ६ काँकरभिट्टाका बासिन्दा हुन् । कुनै समय जनता समाजवादी पार्टीका युवा नेताका रुपमा परिचित राई यो पटकको चुनावमा श्रम संस्कृति पार्टीबाट उम्मेद्वार बनेका छन् ।

यी उम्मेद्वार अहिले मत माग्दैं गाउँ पसिरहँदा मतदाताले भने कुनै नयाँ माग अघि सारेका छैनन् । झापा मेचीनगर –१५ ज्यामिरगढीका कुलबहादुर कार्कीले शनिवार एउटा कार्यक्रममा हडिया नदी कटान नियन्त्रण, सिञ्चाई, पुल, कल्भर्ट, सडक, क्याम्पस चोकबाट चौधरी चोकसम्म कालोपत्रे गर्न माग गरे । पार्टीले गर्छु भन्ने तर नगर्ने तर, पनि जिताउने अभियानमा आफूहरु लागिपरेको उनको भनाई छ ।
एमालेका उम्मेद्वार रामचन्द्र उप्रेतीसँग वर्षौंदेखि भोग्दै आएको मल, बीउ, डिप बोरिङ धानको मूल्य, खानेपानी र सडकको समाधान गरी दिन उनले माग गरे । यी मागहरु यसक्षेत्रका सामूहिक समस्या रहेको उनले स्पष्ट पारे । 'अन्य मतदाताहरु समेत यी समस्या समाधान गर्ने नेता चाहन्छन् ' कार्कीले थपे ।

नहरको समस्याले खेतीपाती गर्न समस्या रहेको र पटक पटक यसक्षेत्रका सांसद्हरुसँग यो समस्या राखे पनि अझै सम्म हल नभएको स्थानीय योगेन्द्र पोख्रेलले उम्मेद्वार उप्रेतीसमक्ष गुनासो व्यक्त गरे । 'मल समयमा पाईदैंन् भारत जानुपर्छ ' पोख्रेलले भने,' यसो गर्नु भनेको सोझै अवैध व्यापार गर्नु हो । प्रशासनले पक्राउ गरिहाल्छ ।' 'सम्बन्धित पालिकाहरुले फोहोर मैला व्यवस्थितरूपमा व्यवस्थापन गर्न सक्दा गाउँवस्तीमा दुर्गन्ध भएर स्वास्थ्यमा समस्या हुने गर्छ ' उनले थपे ।

मेचीनगर ज्यामिरगढीका हरिकुमार मर्डी साविक ज्यामिरगढी १/२ को समस्या अहिलेसम्म जस्ताको तस्तै रहेको दुःखेसो गर्छन् । विद्यालयमा शिक्षाको सुधार, बाल श्रमिकलगायतका समस्या समाधान गरिदिन उनले उम्मेद्वारसँग माग गरेका छन् ।
स्थानीय प्रकाश सोरेन सन्थाल समुदायको एजेन्डा उठाईदिने उम्मेद्वारको प्रतिक्षामा रहेको बताउँछन् । उनले सोहराय पर्वमा राष्ट्रिय विदा दिनुपर्ने र त्यसलाई सम्बोधन गर्न सक्ने उम्मेद्वारलाई मतदान गर्ने बताए । पटक पटक निर्वाचन भए पनि यसक्षेत्रबाट थुप्रै नेताले जितेर सरकारमा पुगे पनि मतदाताका माग भने वर्षौंदेखि उस्तै रहेको उनको भनाई छ ।

'हाम्रो खासै ठूलो माग छैन्' सोरेनले भने, 'धानको उचित मूल्य, सस्तो मल, सिँचाइ, रोजगारी, लालपुर्जा, खानेपानी र डुबान समस्या समाधानको हाम्रा माग हुन् ।' यसक्षेत्रमा सुकुम्बासी समस्या ज्यादैं ठूलो रहेको उनको भनाई छ । अहिलेसम्म आफूहरू सुकुम्बासी बस्तीमा रहेको र लालपुर्जासमेत नपाएको मतदाताहरुले गुनासो पोख्ने गरेका छन् ।

# काठ चिर्दा मेसिनले बायाँ हात चुँडियो

झापा, माघ १७ । काठ चिर्दा मेसिनले हात चुँडिएर दमकमा एकजना गंभीर घाइते भएका छन् । शनिवार बिहान ६:१५ बजे दमक ४ चिया दोकान बस्ने युवराज बुढाथोकीले संचालन गरेको न्यु पाथिभरा फर्निचर उद्योगमा काम गर्ने कामदार मोरङ रतुवामाई ४ बस्ने ४० वर्षीय विरबहादुर ताजपुरियाको हात चुँडिएको हो । काठ चिर्ने क्रममा काठ चिर्ने मेसिनले उनको बायाँ हात चुँडिएपछि उपचारको लागि आम्दा अस्पताल दमक लगिएको थियो । त्यहाँ संभव नभएपछि थप उपचारको लागि नोबेल अस्पताल विराटनगर रेफर गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**हार्दिक बधाई तथा शुभकामना**

प्रतिदिन १८औं वार्षिकोत्सव

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल
तथा **शिशु निकेतन बोर्डिङ परिवार**
भद्रपुर , झापा

# बिर्तामोडमा दैनिकजसो टेलिकमको तार चोरी



झापा, माघ १७ ।बिर्तामोड ५ स्थित गायत्री मन्दिर पश्चिमपट्टी विगत तीन दिनदेखि लगातार टेलिकमको तार चोरी भएको छ ।अग्रसेन भवनको दक्षिणतर्फको पर्खालमा चढेर बिजुलीको पोलमा टांगिएको टेलिकमको तार पछिल्लो तीन दिनदेखि काटेर चोरी भएको हो ।स्थानीय देवीप्रसाद कार्की र रमेश अधिकारीका अनुसार मध्यरातमा तार काटेर चोरी भएको र बिहानीपख आफूहरुलाई थाहा भएको हो ।लगातार तेस्रो दिन पनि तार काटिएको भेटेपछि इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठलाई जानकारी गराइएको स्थानीय वीरु दर्नालले बताए । डीएसपी श्रेष्ठले त्यसबारे अनुसन्धान गरिने र उक्त क्षेत्रमा रात्रीकालिन प्रहरी गस्ती परिचालन गरिने बताए ।बिर्तामोड ५ को उक्त स्थान र बिर्तामोड १ स्थित शान्ति टोलमा पनि यस्तै घटना भएको बताइएको छ । पछिल्लो समय बिर्तामोडका घरहरुमा पनि चोरीका घटनामा वृद्धि भएको छ ।

# बिर्तामोड र अर्जुनधाराबाट २७ लाखको धनमाल चोरी

झापा, माघ १७ । झापाको बिर्तामोड र अर्जुनधाराबाट लाखौंको धनमाल चोरी भएको छ ।



बुधवार राति बिर्तामोड -१ पञ्चकन्या प्लटिडस्थित पुनमदेवी साहको २ तले घरमा कोही नभएको अवस्थामा सुत्ने कोठाको ताल्चा फुटाई दराजभित्र रहेका नगद र गरगहना चोरी भएको हो । बिभिन्न सुनको गरगहना ६ तोला,चाँदीको गरगहना १२ तोला र नगद २० हजार गरी अन्दाजी १९ लाख बराबरको धनमाल चोरी भएको जनाइएको छ । त्यस्तै बिहीवार राति अर्जुनधारा ९ कालिस्थान सिरान बस्ने ५३ वर्षीय नारद पोखेलको घरमा दुईजना अपरिचित व्यक्ति घरभित्र प्रवेश गरी धनमाल चोरी गरेका छन् । दराज खोली सुनको गरगहना २ तोला ,चाँदीको गरगहना ३ तोला, नगद ५५ हजार र भीभो कम्पनीको मोबाइल गरी जम्मा ८ लाख बराबरको धनमाल चोरी गरी लगेको पीडितले बताएका छन् । राति ९ बजे अस्थायी प्रहरी बिट सालबारीमा जानकारी भएपछि प्रहरी सहायक निरीक्षक प्रभु रायको कमाण्डमा र प्रहरी चौकी शनिश्चरेबाट प्रहरी बरिष्ठ नायव निरीक्षक नुमराज केसीको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

# स्वास्थ्य शिविरबाट सयभन्दा बढी लाभान्वित

झापा, माघ १७ । जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था बिर्तामोड ५ ले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट सयभन्दा बढी विरामी लाभान्वित भएका छन् । महेन्द्र रत्न माध्यमिक विद्यालय बिर्ताबजारमा आयोजित शिविरमा ११० जना विरामीले स्वास्थ्य चेकजाँच गराएका हुन् । संजिवनी अस्पतालका फिजिसियन तथा मुटुरोग विशेषज्ञ डा. सीपी यादवले विरामीहरुको स्वास्थ्य जाँच गरेका थिए । स्वास्थ्य जाँचसंगै ५४ जनाको निःशुल्क इसीजीसमेत गरिएको संस्थाका अध्यक्ष तुलकुमारी राजवंशीले बताइन् । उनले करिव ३० हजार मूल्य बराबरको औषधिसमेत निःशुल्क वितरण गरिएको जानकारी दिइन् । सामाजिक उत्तरदायित्वअन्तर्गत जनश्रुती महिला साकोसले यस किसिमका सामाजिक कार्यहरु निरन्तर गर्दै आएको छ ।

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुवास भट्टराई
सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड ,झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सचिवः पारस मैनाली अध्यक्षः मेघराज बास्तोला
बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था
बिर्तामोड , झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुमित्रा रेग्मी व्यवस्थापक
पशुपति बराल अध्यक्ष
नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड , झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
इसुभ पाण्डे
प्रिन्सिपल
प्रज्ञा एकाडेमी परिवार
चन्द्रगढी, झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मेची आँखा अस्पताल परिवार
बिर्तामोड-३ , सैनिकमोड

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
गोपालबहादुर थापा
संचालक
मैनाचुली ह्युमपाइप उद्योग
भद्रपुर , झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बन्दी विकास पुस्तकालय झापा परिवार

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मुकेश शाह
प्रोप्राइटर
रोश्नी ज्वेलर्स
चन्द्रगढी , झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नारायण चम्लागाँई अध्यक्ष
निर्माणकुमार नेपाल सचिव
कलवलगुडी कृषि सहकारी संस्था लि.
भद्रपुर -१० , झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सहारा नेपाल
बिर्तामोड

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मुकेश शाह
प्रोप्राइटर
रोश्नी ज्वेलर्स
चन्द्रगढी , झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## के म पूर्ण छैन र ?



• सफलता फूयल

सामाजिक संस्कार र रुढीवादको
विकृति र कुरीतिको
सिङ्गो प्रहार
तिमीले सहनुपर्‍यो।

फेरि सहनुपर्‍यो
हजारौँ यातना
वंश थाम्ने र क्रिया गर्ने
छोराका नाममा ।

आमा !
दिनभरि काम गरेर
थाकेर फर्किँदा पनि
असाध्यै
शारीरिक र मानसिक
बोझ हुँदाहुँदै

तिमी
असल बुहारी भयौ ।
चुलो–चौको, घरधन्दा
सबै भ्यायौ ।

हजारौँ पीडा
चुपचाप सहेपछि मात्र
तिमी “असल” भयौ।

आमा !
यत्रो सङ्घर्ष भोग्दा पनि
यो समाजले तिमीलाई
बुझ्न सकेन ।

पूर्ण भनिएको त्यो छोरो
नजन्माएको निहुँमा
शब्दका तिरहरू
प्रहार गरिरह्यो समाजले ।

हाँस्न नपाएका
तिम्रा दिन, सुत्न नपाएका
ती रातहरू, बाँच्न नपाएका
तिम्रा जीवनहरू
समाजले
देखेन आमा !

तिमीले भोगेको पीडा
समाजले सहेन
बरु
“पूर्ण” छोरोको निहुँमा
तिमीमाथि प्रहार गरिरह्यो।

तिम्रा दुःखका दिनमा
समाज केही बोलेन

तिम्रो आँसु पुछेन
तिम्रो पीडा देखेन
समाज चुपचाप बस्यो।

आमा !
तिमीले
एउटी छोरी भएर
छोरी जन्मायौ
तर
तिमी छोरी
र तिमीले जन्माएकी छोरीलाई
समाजले कहिल्यै
पूर्ण मानेन ।

आज पनि
समाजले सोध्छ
“किन छोरा जन्माइनौ?”
समाजलाई किन
तिम्रै छोरा चाहिएको छ ?

संस्कारका निहुँमा
धर्मका नाममा
किन
छोरा र छोरीबीच
विभेद गरिन्छ ?

म छोरी पनि त
घरको सारा काम
जिम्मेवारी बोध
गरिरहेको छु।

म
माया बाँड्न सक्छु
घर–व्यवहार चलाउन सक्छु
कार्यालय चलाउन सक्छु
देश हाँक्न सक्छु !

ओ समाज !
म बाँचेको यो समाज
म सोध्छु,
स्पष्ट र दृढ भएर

के म पूर्ण छैन र ?

# विवाह पछिको प्रेमले बर्बाद बनायो उसको दाम्पत्य जीवन !



• कमलमणि काफ्ले

रजनी र उसको मागी विवाह नै भएको हो। विवाह अगाडि भेटघाट र कुराकानी पनि राम्रैसँग भएकै हो। ऊ कुनै जिल्लामा सरकारी कार्यालयमा जागिरे थियो भने रजनी स्नातकसम्म पढेकी भए पनि जागिर भने थिएन। यद्यपि केही दिन अघिसम्म एउटा बोर्डिङ स्कुलमा पढाउँथिन् तर स्कुल नचलेपछि जागिर छुटेको थियो।
केटालाई यी सबै कुरा भनिएकै थियो र यी सबै कुरा स्वीकार गरेर नै बिहेको कुरो छिनिएको थियो। बिहेको सबै औपचारिकता पूरा भएका केही दिनपछि उनीहरू उसको जागिर भएका स्थानमा गए। बिहे पछिका सुनौला दिन राम्रैसँग बिते। श्रीमान दैनिक अफिस जाने, रजनी पनि नोकरीका लागि प्रयास गर्दै लोकसेवा लगायत स्थायी नोकरीका लागि तयारी गर्ने। यसरी ६-७ महिनासम्म रमाइलैसँग दाम्पत्य जीवन चल्दै यियो। छिट्टै कुनै जागिर खाएर श्रीमानको आर्थिक बोझ कम गर्ने रजनीमा हुटहुटी थियो।
यद्यपि केही महिनाअघि देखि श्रीमानको व्यवहारमा केही परिवर्तन आएको भने रजनीले महसुस नगरेकी भने होइनन्। कहिले केही बहाना बनाएर कोठामै नआउने, कहिले ढिलो आउने र कहिले मातेर हल्लिँदै आएर घुप्लुक्क सुत्ने। केही बोल्यो वा सोध्यो भने झर्किने गर्थ्यो तर पनि अफिसको कुनै टेन्सन होला भनेर उनी चुप नै थिइन्।
एक दिन ऊ अफिसबाट अलिक ढिलो गरी फर्कियो र 'म खाना खान्नँ' भनेर सुत्यो।
बिहान अबेला उठी खाना खाएर अफिस जान तयार भएपछि उसले रजनीतर्फ एउटा कागज तेर्स्याउँदै 'यसमा सही गरी मलाई सहयोग गर' भन्यो।
रजनीले 'के हो ?' भनिन् तर उसले 'पढेर गर न' भन्दै रजनीका हातमा कागज थमायो।
रजनीले पढिन्, कागज उसँग सम्बन्ध विच्छेदको थियो। कागज पढिसकेपछि रजनी छाँगाबाट खसेजस्तो भइन्। केही बोल्नै सकिनन् न त रून नै सकिन्। धेरैबेर मूर्तिवत् उभिएपछि डाको छोडेर रूँदै 'किन हजुरले यस्तो कुरा गर्नु भएको? मबाट के गल्ती भयो? कुनै गल्ती भएको भए म सुधार्छु, जुनसुकै सजाय दिए स्वीकार्छु तर यो कागजमा सही गर्दिनँ' भनिन्।
उसले 'सबै कहानी म भरे भन्छु, भरेसम्म सोचेर यो कागजमा सही चैं तिमीले कुनै हालतमा गर्नैपर्छ' भनेर ऊ हिँड्यो।
रजनी केही सोच्नै नसकी धेरैबेर रोइन्। रोएर थाकिसकेपछि सम्बन्ध विच्छेद गरिपाऊँ भनी रजनीका तर्फबाट लेखिएको ब्यहोराको त्यो कागज धेरै पटक पढिन्। त्यस कागजमा ' लोग्नेले आफूलाई खान/लाउन नदिई बराबर कुटपिट गर्ने गरेका कारण आफू यो लोग्नेसँग बस्न नसक्ने हुँदा सम्बन्ध विच्छद गरीपाऊँ' भनी मेरो मञ्जुरीसाथ यो निवेदन गर्दछु' भन्ने व्यहोरा लेखिएको थियो।
यो व्यहोरा पढेर त अझ उनी छक्कै परिन्। सोच्न थालिन् 'यस्तो घटना कहिल्यै भएकै छैन। लोग्ने सम्बन्ध विच्छेदकै हदसम्म पुग्नेगरी असन्तुष्ट हुने मैले के चाहिँ गल्ती गरें हुँला र यो बहाना बनाइएको होला?' कहिलेकाहीँ सामान्य ठाकठुक परेको भए पनि सम्बन्ध विच्छेदकै अवस्थामा पुग्नुपर्ने खालका गल्ती वा यस्ता किसिमका कुनै गम्भीर घटना भएको उनलाई थाहा छैन।
'यस्तो बहाना बनाई-बनाई सम्बन्ध विच्छेद नै गर्नुपर्ने के चाहिँ कारण होला?' उनी अनेक तर्कना गरिरहिन्।
जे भए पनि भरे कारण भन्छु भनेकाले कारण थाहा पाउन भरेसम्म पर्खिनुको विकल्प पनि थिएन।
उनी यसको कारण जान्न व्यग्रतापूर्वक 'भरे' को प्रतीक्षा गरिरहिन्।
आजको 'भरे' आउन उनलाई महिनौं जस्तो लाग्यो। प्रतीक्षाको घडी सकियो, 'भरे' रात निकै छिप्पिएपछि ऊ मातेर हल्लिँदै कोठामा आयो, भित्र पसी ड्याम्म ढोका लगायो र लगाएको लुगासँगै डङ्रङ्ग खाटमा पल्टियो।
रजनी गएर छेउमा उभिएर 'के भयो हजुरलाई र सम्बन्धनै विच्छद नै गर्नुपर्ने सम्मको अवस्था आयो? मैले के गल्ती गरेँ? विवाह गरेको ६-७ महिनामै सम्बन्ध विच्छेद गर्नुपर्ने भए किन मलाई विवाह गर्नुभयो?' लगायतका रूँदै यस्तै अनेकौं प्रश्नको वर्षा गरिन् रजनीले।
प्रश्न गरूञ्जेल ऊ चुपचाप सुनिरह्यो। रजनीको प्रश्नको वर्षा सकिएर हुँक्क-हुँक्क रून लागेपछि उसले भन्यो 'रजनी! तिम्रो कुनै गल्ती छैन। गल्ती मेरै भयो, ठूलो गल्ती! तिमीसँग बिहे गर्नुअघि म कार्यालयकै उउटी केटीसँग प्रेममा थिएँ। ऊसँग बिहे गर्न घरमा प्रस्ताव पनि राखेँ तर जात नमिलेकाले घरमा सहमति भएन।
यो कुरा उसलाई पनि सुनाएर घरमा सहमति नभए पनि म उसलाई बिहे गर्न तयार रहेको कुरा भनेको थिएँ र म घरमा विद्रोह गरेरै भए पनि बिहे गर्ने मनस्थितिमै थिएँ। तर त्यसपछि ऊ मसँग बिस्तारै टाढिन थाली र बुझ्दा उसले अर्के केटासँग प्रेम गर्न थालेकी रहिछे। एकदिन उसलाई 'तिमी किन आजकल मबाट टाढा हुँदैछौ, जसरी पनि म तिमीसँग बिहे गर्छु त भनेकै छु त।' भन्दा 'अब हाम्रो कुनै सम्बन्ध छैन, तिमी आफ्नो सुर गर म आफ्नो सुर गर्छु' भनी यसरी हाम्रो सम्बन्ध सिद्धियो। त्यसपछि मैले उपयुक्त केटी पाए बिहे गर्ने भन्ने खबर घरतिर पठाएपछि तिम्रो र मेरो बिहे जुरेको हो। त्यसपछि तिमी र म यहाँ आएपछि सब ठिकठाकै थियो। ३ महिनाअघि देखि त्यो केटी फेरि मसँग नजिकिने प्रयास गर्न लागि। त्यसको केटाले उसलाई छोडिसकेको रहेछ। म पर पर हुन खोजे पनि ऊ नजिकिने प्रयास गर्थी म वास्तै गर्दिन थिएँ। एक दिन अफिस कोठामा म एक्लै भएको मौका पारी 'मैले तिमीले भनेको नमानेर ठूलो गल्ती गरेँ, तिम्रो बिहे पनि भइसक्यो।
म तिम्रो वैवाहिक जीवनमा कुनै दख्खल दिन्नँ तर तिमीले यसरी मलाई वास्ता नगर्दा म ज्यादै मर्माहत भएकी छु। प्लिज! यसरी बेवास्ता नगर, हामी एउटा असल साथीका रूपमा रहौं, मेरो गल्तीलाई क्षमा गर।' भन्दै दुबै कान समातेर उठ बस पो गर्न लागि। त्यसपछि म पनि ऊप्रति सकारात्मक भएछु र उसँग मेरो एउटा साथीको जस्तो व्यवहार हुन लाग्यो। यस क्रममा घुमघाममा पनि गइयो र घुमघामकै क्रममा हामी धेरै नजिक भएछौं। मबाट ठूलो गल्ती भयो, अहिले बुझ्दा ऊ नजिकिनुको उद्देश्य मबाट यही गल्ती गराउनु रहेछ भन्ने लाग्छ।'
यति भनि सकेर उसले लामो सास फेर्‍यो, केहीबेर रोकियो। यस बीचमा रजनी पनि चुपचाप रहिन्।

केहीबेरपछि फेरि उसले भन्न थाल्यो 'उसको गर्भ रहेछ, सुरूमा उसले भनिन्। अब अहिले आएर 'तिम्री श्रीमतीसँग सम्बन्ध विच्छेद गरी मलाई बिहे गर्छौ भने गर नत्र तिमीले मलाई बलात्कार गरेर गर्भ बोकाएको भनी सार्वजनिक गर्छु र आवश्यक परे प्रहरीमा जाहेरी दिन्छु' भन्न थाली।
'अब म के गरौं, तिमी नै भन। कि बलात्कारको सजाय भोग्न तयार हुनुपर्‍यो, यसो भयो भने जागिर पनि जान्छ। नत्र भने त्यसलाई श्रीमती बनाउनु पर्‍यो। तिमीसँग सम्बन्ध विच्छेद नगरिकन उसलाई श्रीमती बनायो भने बहुविवाहमा मेरो जागिर जान्छ नै। फेरि उसको सर्त नै पहिले तिमीसँग सम्बन्ध विच्छेद गर्नुपर्ने भन्ने छ। त्यसैले सम्बन्ध विच्छेद गरेर तिमीले मलाई सहयोग गर्नुपर्‍यो, बरू सम्बन्ध विच्छेद पछि पनि म दुबै जनालाई मिलाएर राख्न प्रयास गर्नेछु। यस कुरामा म उसलाई सहमत गराउँछु। त्यो केटीका कुरामा विश्वास गरी पुनः नजिकिनु मेरो ठूलो गल्ती भयो, मलाई माफ गर रजनी !'
यति भनेर ऊ चुप भयो।
मूर्तिवत् भई यी सबै कुरा सुनिरहेकी रजनी यति सुनिसकेपछि दिमाग शून्य भइन्, संसार फनफनी घुमेजस्तो र आफू कहाँ छु र के सुनिरहेकी छु भन्ने कुराको समेत हेक्का नभए जस्तो भयो। केहीबेर त्यसरी नै मूर्तिवत् उभिएपछि रिंगटा चलेर होस हराउला जस्तो भएर आयो र शून्य भएर त्यहीँ थुचुक्क बसिन्। त्यसरी कतिबेर बसिन् उनी आफैलाई थाहा भएन। यस बेलासम्म ऊ पनि ओछ्यानमा नै पल्टिरहेको थियो। केही होस आएजस्तो भएपछि उनी उठिन् र अघि उसले दिएको सम्बन्ध विच्छेदको कागजमा सही गरी सुतेकै ठाउँमा उसका हातमा सो कागज राखिदिई बेडरूमबाट निस्की भान्सा कोठामा रहेको लो वेडमा गएर सुतिन् तर रातभर निन्द्रा परेन।

बिहानपख झपक्क भइछन्, उठ्दा ऊ कतिबेला उठेर गइसकेछ। उनी उठिन्, केहीबेर शून्यमा टोलाइरहिन्। खाना बनाउने र खाने कुनै जाँगर थिएन। एक कप रातो चिया पकाएर खाइन् र सोचिन् गल्ती कसको हो त? उनको लोग्ने वास्तवमा चेपुवामा परेकै हो त? के उसको गल्ती नै छैन? फेरि सोचिन् 'उसको गल्ती त छ नि! भर्खर बिहे गरेकी श्रीमती घरमा छँदाछँदै अर्की महिलासँग यौन

❖ बाँकी तेस्रो पृष्ठमा

# मौनतामा बाँचेको प्रेम



• कृष्ण भण्डारी

राधिका एक सम्पन्न परिवारमा जन्मिएकी थिइन् । उनले प्रेम विवाह गरेकी थिइन् । विवाहको पहिलो वर्षमा राधिकाले आफूलाई भाग्यमानी सम्झिन्थिन् । चारचक्के गाडीको सिटमा बस्दा, सहरका बत्तीहरू हेर्दै उनले सोच्थिन्, सायद प्रेम भनेको यही हो । जीवन सुरुमा सुखमय ढङ्गले, हाइफाइ शैलीमै बित्दै गएको थियो । उनका श्रीमान् शिक्षित थिए, चारचक्के गाडीमा हिँड्थे र सम्पन्न पनि थिए । सबै कुरा मिलेजस्तो लाग्थ्यो । तर, समय यस्तो आयो कि आफूले रोजेको मान्छेबाटै उनले घात पाउन थालिन् । गाडीको चम्किला सिसा पछाडि लुकेको अँध्यारो उनले ढिलो मात्र देखिन् । श्रीमानको माया बोलीमा मात्र थियो, व्यवहारमा थिएन र समयसँगै त्यो बोली पनि चुप लाग्न थाल्यो । भोगाइले पनि पटक-पटक परीक्षा लिइरहन्थ्यो । उनको घरभित्र शान्ति थिएन ।
श्रीमानका हातहरू माया दिनुभन्दा बढी घाउ दिन्थे । उनका पछिल्ला दिनहरू प्रेमले होइन, डरले गनिन थाले । श्रीमानको आवाज ठूलो हुन्थ्यो, हात अझ ठूलो । घरका भित्ताले हरेक रात उनका रुवाइ सुन्थे, धेरै कुरा देखेका थिए । राति उनका आँसु, बिहान उनको मुस्कानको नाटक । छिमेकीले ढोका बन्द भएको मात्र देख्थे, भित्र बन्द भएको आत्मा देख्दैनथे । समाजको कान भने बहिरो थियो ।
एक दिन उनले आँसु पुछेर निर्णय गरिन्, 'यो घर होइन, यो त जेल हो । बाँच्नु छ भने अब म निस्कनै पर्छ ।'
दुई साना सन्तानको हात समातेर उनी माइतीको ढोकामा सहारा खोज्ने निधो गरी माइतीतिर लागिन् । माइती पुगेको पहिलो रात निदाउन सकिनन् । बच्चाहरू निदाइसकेका थिए, तर उनको आँखाबाट निद्रा हराएको थियो । घडीको 'टकटक' आवाज आइरहन्थ्यो ।
हरेक आवाज उनलाई श्रीमानको चिच्याहटजस्तै लाग्थ्यो । उनले आफूलाई मनमनै सम्झाइन्, 'अब त म सुरक्षित छु ।' तर शरीर सुरक्षित भए पनि मन अझै बन्दी थियो ।
दिन बित्दै गए । माइतीको घरमा कसैले केही नसोधे पनि, आँखाले सबै सोध्थे । छिमेकी महिलाहरूको फुसफुस, आफन्तको मौन सहानुभूतिले उनलाई सम्झाइरहन्थ्यो । माइतीले गाँस र बास त दियो, तर उनको उतार-चढावले भरिएको जीवनमा त्यसबाहेक अरू धेरै गर्न सकेन । माइतीमा त्यसरी उभिँदा उनको आत्मसम्मान आश्रित भएको भावले काँपिरहेको थियो । तर आमाको साहस भने बिस्तारै जाग्दै थियो ।
त्यही समयमा देशभरि नै कोरोनाको महामारी आयो । सहरहरू सुनसान भए । सहर मात्र होइन, भरोसा पनि बन्द भयो । मान्छेहरू एकअर्काबाट डराउन थाले । मान्छेहरू मास्क लगाएर हिँडे, तर राधिकाको पीडा त पहिले नै मास्कसरह मुख छोपेर बसेको थियो ।
त्यही सहरको अर्को कुनामा जीवन नाम गरेको मान्छे बस्थ्यो । उसको साधारण व्यापार थियो, साधारण कोठा र साधारण सपनाहरू थिए । ऊ कुनै गाडी, बङ्गला वा हाइफाइ जीवनको मालिक थिएन, तर ऊसँग एउटा असाधारण कुरा थियोः निस्वार्थ, धैर्यवान् र मौन तर गहिरो तरिकाले साथ निभाउने स्वभाव ।
कोरोनाको डर, आर्थिक अभाव र एक्लोपनको त्यो समयमा सामाजिक सञ्जालमार्फत उनको जीवनमा त्यही सहरमा बस्ने जीवन नामका व्यक्तिसँग चिनजान भयो । पहिलो चिनजान साधारण थियो, तर समयसँगै त्यो चिनजान गहिरो माया र विश्वासमा बदलिँदै गयो ।
कामको खोजीमा उनी काठमाडौँ बस्न थालिन् । कोरोनाकाल भएकाले काम पाउन निकै गाह्रो थियो । कोठाभाडा तिर्न, ग्यास-चामल किन्न धौधौ हुन थाल्यो । राधिका बिरक्तिन थालिन् । त्यो समयमा भगवानको शरण लिन उनी पशुपतिनाथ मन्दिर परिसरमा गएर रोएर बस्ने गर्थिन्, जुन उनको दिनचर्या बन्यो । त्यही बेला उनको मोबाइलमा एउटा सन्देश आयो- 'ठिक छौ ?' सन्देश पठाउने मान्छे अरू कोही नभएर सामाजिक सञ्जालमार्फत चिनजान भएको जीवन नै थियो । सुरुमा जीवनसँग सामान्य कुरा हुन्थे, 'खाना खायौ कि खाइनौ ?', 'बच्चाहरू कस्ता छन् ?', 'आज दिन कस्तो रह्यो ?' तर बिस्तारै जीवन उनका कुरा सुन्ने मान्छे बन्यो ।
उनी रुँदा उसले चिच्याएर सान्त्वना दिँदैनथ्यो, शान्त भएर सुन्थ्यो । उनी भन्थिन्, 'म थाकिसकेँ ।' जीवन भन्थ्यो, 'थकाइ त आरामले जान्छ लाटी, हारले होइन ।' त्यो एउटा वाक्यले उनलाई फेरि बाँच्ने हिम्मत दियो ।
जीवनले कहिल्यै उनको शरीर छुन खोजेन, उनको कमजोरीको फाइदा पनि उठाएन । उसले माया शब्दमा होइन, काममा अनि व्यवहारमा देखायो । बच्चाहरू बिरामी पर्दा औषधि आइपुग्थ्यो । डराउँदा फोनको अर्को छेउबाट आवाज आउँथ्यो, 'म छु, नडराऊ ।' जब सन्तानको हक र न्यायका लागि विभिन्न अदालतमा मुद्दा गर्नुपर्‍यो, उनी डराइन् ।
अदालत, कागज, वकिल सबै नयाँ र डरलाग्दा थिए । जीवनले भन्यो, 'यो लडाइँ तिमी एक्लै होइन, हामी लड्छौँ ।' मुद्दाको समयमा कहिले लाइनमा घण्टौँ उभिनुपर्‍यो, कहिले प्रमाण खोज्न रातभरि लाग्यो । जीवनले आफ्नै काम छोडेर उनीसँगै हिँड्यो । मुद्दा जितिएको दिन उनी रोइन् । जीवन मुस्कुरायो । किनकि उसको जित उनी रोएको दिनभन्दा ठुलो थियो ।
त्यसपछि राधिकाको जीवन फेरियो । अब उनी पीडित मात्र थिइनन्, उदाहरण बन्दै गइन् । सामाजिक सञ्जालमा उनको कथा र व्यथा फैलिन थाल्यो । कार्यक्रम, गोष्ठी, तालिम सबैतिरबाट निम्तो आउन थाल्यो । समयसँगै नयाँ मान्छेहरू आउन थाले । नयाँ प्रशंसा, नयाँ मुस्कान, र नयाँ वाक्यहरू सुनिन थालेः 'तिमी असाध्यै बलियो महिला हौ !' यही मोडमा रोहन उनको जीवनमा प्रवेश गर्‍यो । रोहनसँग सबै थियोः पैसा, गाडी, सामाजिक पहुँच, आत्मविश्वास । ऊ बोल्दा भविष्य सजिलै बन्छ जस्तो लाग्थ्यो ।
रोहनले राधिकालाई मिडिया जगतमा स्थान दियो । उसँगको बसाइ, महँगो कफी, सहरका ठुला रेस्टुरेन्ट, लक्जरी गाडीको सिट, यी सबैले राधिकाको भित्र लुकेको खालीपनलाई अर्कै रूप दिन थाल्यो । बाहिरबाट हेर्दा उनको जीवन झनै सफल देखिन्थ्यो, तर भित्र कतै उनी हराउँदै थिइन् । रोहनसँगको चम्किलो संसारले उनलाई आफ्नै वास्तविकताबाट टाढा पुर्‍याउँदै थियो । उनी राति सुत्न सक्दिन थिइन् । टाउको भारी हुन्थ्यो । मनमा अकारण डर आउँथ्यो । ऐनामा हेर्दा आफूलाई चिन्न गाह्रो हुन्थ्यो । कहिलेकाहीँ उनलाई लाग्थ्यो, 'म बलियो हुँ कि अभिनय गर्दैछु ?'
'रोहन जीवनमा आयो, अब जीवनलाई के गरुँ ? अल्मलिएर वैकल्पिक रूपमा राखूँ कि के गरूँ ?' यही कुरा उसको मनमा आउँथ्यो । उसको व्यवहार फरक हुन थालिसकेको थियो । रोहन व्यस्त हुन्थ्यो । मायाभन्दा योजना बढी गर्थ्यो । राधिका बोल्न खोज्दा ऊ भविष्यका प्रोजेक्ट सुनाउँथ्यो । उनको पीडा सुन्ने फुर्सद ऊसँग थिएन ।
जीवन भने अझै टाढा उभिएर उनको भलाइ हेर्दै थियो । तर जीवनलाई रोहन उनको जीवनमा आएको थाहा थिएन । एक साँझ उनले जीवनलाई सम्झिन् । उसको मौनता, उसको धैर्य, उसको बिना सर्तको साथ– सबै बुझेर पनि उनले जीवनलाई पछि लाग्ने मान्छे मात्र देख्न थालिसकेकी थिइन् ।
एक साँझ, जीवनले साहस बटुल्यो र सोध्यो, 'राधिका, तिमी खुसी छौ ? म तिम्रो

❖ बाँकी तेस्रो पृष्ठमा

# भ्रष्टाचार उन्मूलन अबको मुख्य चुनौति

• लक्ष्मी उप्रेती

भनिन्छ- देशको अर्थतन्त्र बलियो भएमात्र मुलुक समृद्ध बन्छ, मुलुक समृद्ध भएमात्र समृद्ध नेपाल, सुखी नेपालीको नाराले सार्थकता पाउँछ । देशका हरेक विकास निर्माणका कार्यमा देशको अर्थतन्त्रको भूमिका निक्कै ठूलो हुन्छ । यसकारण पनि शिथिल अर्थतन्त्रलाई चलायमान बनाउनु आमनागरिकको कर्तव्य पनि हो । तर, हाम्रो अर्थतन्त्रको अवस्था कस्तो छ ? नेपाली अर्थतन्त्रको वर्तमान अवस्था र सुधारका उपायका बारेमा हामी थुप्रै विज्ञ छौ । नेपालको अर्थतन्त्र आफैँमा कमजोर छ, संरचनात्मक समस्या रहेका छन् ।

अर्थविद्हरुकै भनाईमा अर्थतन्त्र परिवर्तनशील हुन्छ । अर्थतन्त्रले समय-समयमा आन्तरिक र बाह्य दबाबको सामना गर्नुपर्ने हुन्छ । देशलाई आर्थिकरुपमा बलियो र मजवुत बनाउनका लागि अवैध व्यापारलाई वैध, राजस्व चुहावटलाई नियन्त्रण र सबैखाले व्यापारीहरुलाई भन्सारको ढोकासम्म पुर्‍याउनुपर्छ । राजस्व चुहावट तथा अबैध व्यापारले वा भन्सार छलेर गरिने कारोबारका कारण पनि देशको अर्थतन्त्र धराशायी बन्छ ।

देश विकासको मेरुदण्ड नै अर्थतन्त्र हो । नेपालको अर्थतन्त्र विकासशील अर्थतन्त्र हो र धेरै हदसम्म कृषि र रेमिट्यान्समा निर्भर छ । देशको आर्थिक स्थिति बलियो बनाउनका लागि हरेक नागरिकले राज्यलाई कानूनले स्पष्टरुपमा भनेका कर तिरेर असल नागरिकको पहिचान बनाउन सक्नुपर्छ । देशको अर्थतन्त्र जतिजति पछाडि धकेलिँदै जान्छ ,उतिउति देश विकासका काम ठप्प हुँदै जान्छन् । यसकारण पनि अर्थतन्त्रलाई बलियो बनाउन हरेक नागरिकले आफ्नो दायित्व पुरा गर्नुपर्दछ । सरकारले पनि समयमै आवश्यक कानून निर्माण गरी निजी क्षेत्रलाई आर्थिक गतिविधि विस्तारको निम्ति प्रोत्साहन गर्नुपर्दछ ।

भन्सार सम्बन्धी कानूनको प्रशासन गर्ने र भन्सार महसुल, कर, शुल्क एवम् दस्तुरहरू संकलन गर्ने सरकारी सेवाका रुपमा हरेक सीमावर्ती क्षेत्रमा नै भन्सार स्थापना गरिएको छ । भारतीय सीमावर्ती क्षेत्रमा झापामा मेची र भद्रपुर तथा इलामको पशुपतिनगर भन्सार कार्यालय छ । देशका विराटनगर भन्सार, वीरगञ्ज भन्सार, भैरहवा भन्सार, कृष्णनगर भन्सार नेपालगन्ज भन्सार, कञ्चनपुर भन्सारलगायत रहेका छन् । यस्तै, उत्तरी सीमावर्ती क्षेत्रमा समेत भन्सार कार्यालय रहेका छन् ।

नेपाल सरकारको करिब आधाजसो राजस्व भन्सारमा आधारित छ । आयात बढ्दा राजस्व बढ्ने र घट्दा घट्ने गर्दछ । भन्सार राज्यको आर्थिक ढोका र अर्थतन्त्रको आधार भएका कारण सही घोषणा गरी राज्यलाई सहयोग गर्दै चोरी पैठारी अपराध हो भन्ने कुरा बुझ्न जरुरी छ । भन्सारले अवैध व्यापारको निगरानी गर्दै आएको छ । जब अवैध व्यापारका कारण भन्सार पराजित हुन्छ ,तब राज्य आर्थिक संकटतर्फ धकेलिन्छ ।यसकारण पनि हामीले भन्सार राज्यको ढोकाबाट छिर्ने हो झ्यालबाट नभई पैठारीभन्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्दछ । अब हामी सबैले सीमा सुरक्षित भएमात्र समाज सुरक्षित बन्छ भन्ने भन्ने कुरा बिर्सनु हुँदैन । सरकारले राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई दण्डित गर्दै आएको छ ।

दैनिक ठूलो परिमाणमा भन्सारमा सामान भित्रिने गरे पनि राजस्वले भने लक्ष्य भेटाउन नसकेको अवस्था छ । अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढ्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

हामीले तिरेको करले देशको अर्थतन्त्रमा टेवा पुग्छ भन्ने कुरा कसैले पनि बिर्सनु हुँदैन । अवैध व्यापारलाई वैध बनाउँदैं भन्सार छलेर गरिने कारोबारलाई सुधारमात्र गर्न सकिने हो भने देशलाई आत्मनिर्भर अर्थतन्त्रको बाटोमा हिँडाउन सकिन्छ । किनकि हरेक मानिसले धन, सम्पत्ति कमाउनु र देशलाई सभ्य बनाउनु फरक कुरा हो । यसकारण पनि समाजलाई सभ्य बनाउने गरी संसारमा नेपालीहरुको आत्मसम्मान हुनेगरी सम्पत्ति आर्जन गर्न गरी राज्यलाई कर तिर्नुपर्छ । अबैध व्यापारमा खासगरी खुला सिमाना मुख्य चुनौति बन्ने गरेको छ ।

झापाको भारतसँग १सय४४ दशमलव २ किलोमिटर खुला सीमाले निक्कै समस्या दिइएको सरकारी अधिकारीहरुले पटकपटक बताउँदै आएका छन् । हुन त, नेपाल र भारतबीचको वैदेशिक व्यापार र भन्सार प्रशासनलाई थप सहज बनाउन दुई देशका भन्सार अधिकारीबीच नेपालसहित भारतमा बेलाबेलामा वार्ता हुने गरेका छन् ।

अवैध व्यापार तथा राजस्व चुहावट नियन्त्रणमा केन्द्रित हुने गरी वार्ता हुने गर्दछन् । नेपाली भन्सार अधिकारीहरुका अनुसार वार्तामा दुई देशका भन्सार कार्यालयबीच निर्यात व्यापारसँग सम्बन्धित प्रारम्भिक सूचना अग्रिमरुपमा उपलब्ध गराउने, तेम्रो मुलुकबाट भारतको बाटो हुँदै नेपाल आउने तथा नेपालबाट भारतको बाटो हुँदै तेस्रो मुलुकसम्म निकासी हुने मालवस्तु बोकेका मालवाहक कन्टेनरमा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली लागू गर्नेलगायतका विषयमा छलफल हुन्छ । निर्यात हुने मालवस्तुको गुणस्तर परीक्षणका लागि सीमानाकामा गुणस्तर तथा क्वारेन्टाइन चेकजाँच प्रणालीलाई थप सुदृढ गर्ने विषय पनि छलफलको एजेन्डा बन्छ ।

विश्व भन्सार संगठनले हरेक वर्षको जनवरी २६ तारिखमा अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने घोषणा गरेसँगै नेपालमा पनि यो दिवस मनाउन थालिएको छ । गएको सोमबारमात्र 'सतर्कता र प्रतिबद्धतामार्फत समाजको भन्सार संरक्षण' भन्ने नाराका साथ७४ औं अन्तर्राष्ट्रिय भन्सार दिवस नेपालमा विविध कार्यक्रम गरी मनाइयो ।अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढेको भन्दै संगठनले सुरक्षित व्यावसायिक वातावरण निर्माण गर्न आवश्यक ठानेर नै यो दिवस मनाउन थालेको सरकारी अधिकारीहरुको भनाई छ ।

भन्सार प्रशासन कार्यलाई राजस्व संकलनमा मात्र सीमित नराखी मुलुकको समग्र आर्थिक विकासका लागि सहज व्यावसायिक वातावरण निर्माण गर्नमा यो दिवसले महत्वपूर्ण टेवा पुर्‍याउने विश्वास गरिन्छ । तर पनि पछिल्लो समय भन्सारमा समेत भ्रष्टाचार मौलाउँदै गएको बेला बेला सञ्चारमाध्यममा आएका समाचारले समेत पुष्टि गर्दछ । यस्ता भ्रष्टाचार निरुत्साहित गर्न सरकार उदासीन बन्नु हुँदैन ।

सरकारले अर्थतन्त्रको अवस्थाबारे सूक्ष्म रूपमा विश्लेषण गरिरहनु पर्दछ र अर्थतन्त्रमा देखिएका समस्यालाई समाधान गर्दै अघि बढ्नुपर्दछ । कानूनी शासन, भ्रष्टाचार नियन्त्रण, संस्थागत क्षमता विकास, मनोमानी भन्दा पद्दति र प्रणालीको विकास गरेर नेपालको अस्तव्यस्त अर्थतन्त्र तथा शासन व्यवस्थामा सुधार ल्याउन आवश्यक रहेको अर्थशास्त्र विषयका प्राध्यापक धर्मानन्द खनालको भनाई छ । सरकार, सरकारी सयन्त्र, बैंक तथा वित्तीय संस्था, अन्य संघसंस्था र निजी क्षेत्रले क्षणिक नाफाभन्दा दिगो नाफाको लागि दीर्घकालीन दृष्टिकोण राखी आर्थिक समृद्धिको साझा लक्ष्य लिएर सशक्त ढंगले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने आजको आवश्यकता हो भन्दा अत्यूक्ति नहोला । नेपाली अर्थतन्त्रका प्रमुख चुनौती पहिचान गरी त्यसको उचित व्यवस्थापनसहित हुन् । नेपाली अर्थतन्त्रको क्षमता र उत्पादकत्व अभिवृद्धि गर्दै आगामी दिनमा नेपाली अर्थतन्त्र दरिलो बनाउन हामी सबै अघि बढौँ ।

## मौनतामा...

लागि बोझ त भइनँ ?' उनी रिसाइन् । जवाफ आयो, 'हो, आजकल बोझजस्तै हुन थाल्यौ । अब मेरो पछि नलाग, निगरानी पनि नगर । मेरा रहरहरूलाई र मेरा रोजाइलाई लिएर केही दबाब दियौ भने टाउको फुटाइदिन्छु !' ती शब्द तरबारजस्तै थिए । जीवन चुप लाग्यो, किनकि उसले बुझ्यो- माया जब अपमानित हुन्छ, त्यो मौनमै मर्छ । त्यसपछि ऊ टाढा हुन थाल्यो । फोन नगर्ने, सन्देश नपठाउने । आफ्नो याद आफैँसँग राख्ने । तर जब राधिकाको कुनै काम अड्किन्थ्यो, कागज हराउँथ्यो, बच्चा वा उनी आफैँ बिरामी पर्थिन्, उनी फेरि त्यही खुबी नभएको, पैसा कमाउन नसक्ने जीवनलाई नै सम्झिन्थिन् ।

जीवन अझै पनि त्यहीँ थियो- सहयोग गर्थ्यो, कुनै प्रश्न नगरी । तर अब उसको हाँसोमा आवाज थिएन । राधिकाले कहिल्यै बुझिनन् कि उनी आफ्नो सबैभन्दा निस्वार्थ साथी गुमाउँदै छिन् । किनकि स्वार्थले प्रयोग गरेको माया एक दिन मौन भएर बिदा हुन्छ ।

रोहनको उपस्थितिपछि राधिकाको जीवन झन् व्यस्त देखिन थाल्यो, तर त्यो व्यस्तता समाधान खोज्ने होइन, समस्याको सूची बढाउने व्यस्तता थियो । कार्यक्रम, मिडिया, भाषण र तालीको भिडबिच उनी एक्लै थाक्दै गइन् । जब वास्तविक समस्या आइपर्थ्यो- बच्चाको स्वास्थ्य, आर्थिक चाप, कानुनी कागज वा मनको असह्य भारीपन, तब रोहनको व्यवहार बदलिन थाल्यो ।

राधिका कुनै समस्यासहित फोन गर्थिन्, रोहन भन्थ्यो, 'अहिले मिटिङमा छु, पछि कुरा गरौँला ।' त्यो 'पछि' कहिल्यै आउँदैनथ्यो । कहिले उसले बहाना बनाउँथ्यो, 'यस्ता नेगेटिभ कुरा नगर न, तिमी अब पब्लिक फिगर हौ ।' समस्या समाधान होइन, छोप्न सिकाइन्थ्यो ।

राधिका बिरामी पर्दा रोहन अस्पताल आएन । सन्देश आयो, 'ध्यान राख, म अहिले अलि बिजी छु ।' त्यही व्यस्तताभित्र ऊ कफी, मिटिङ र पार्टीमा देखिन्थ्यो । राधिकाले बुझ्न थालिन् कि रोहनलाई उनको पीडा होइन, उनको छवि चाहिएको थियो । तर रोहन पूर्ण रूपमा टाढा पनि थिएन ।

जब राधिका भावनात्मक रूपमा कमजोर हुन्थिन्- आँखा राता, स्वर थकित, त्यही बेला रोहन नजिकिन्थ्यो । सहानुभूतिको मुखौटा लगाएर ऊ भन्थ्यो, 'मबाहेक तिमीलाई कसले बुझ्छ र ?' त्यो वाक्यले राधिकालाई अझै एक्लो बनाउँथ्यो । ऊ सहयोगी थिएन, तर अधिकार जमाउने प्रयत्नमा थियो । राधिकाको एक्लोपन रोहनका लागि अवसर बन्दै गयो । निर्णय गर्न नसक्ने बेला उसले आफ्ना निर्णय थोपर्थ्यो । आत्मविश्वास कमजोर हुँदा उसले आफ्नो प्रभुत्व देखाउँथ्यो । माया होइन, नियन्त्रण विस्तार हुँदै गयो । राति राधिका एक्लै रोइन् । त्यो रोदन हिंसाको डरले होइन, उपेक्षाको पीडाले थियो ।

उनलाई लाग्थ्यो, 'म फेरि पनि गलत मान्छेको छायामा त बसिरहेकी छैन ?' यही प्रश्नले उनको मनलाई डिप्रेसनको अँध्यारोतिर धकेल्दै थियो ।

त्यही अँध्यारोमा उनले जीवनलाई सम्झिन् । उसको मौनता, उसको उपस्थितिको भर, कुनै सर्त नभएको साथ । तर अहंकार र भ्रमले उनलाई अझै रोकेको थियो । रोहनसँग रहँदा उनी भीडमा एक्लो थिइन् । जीवनसँग रहँदा उनी मौनमा सुरक्षित थिइन् । तर त्यो बुझाइ आउन अझै ढिलो हुँदै थियो ।

रोहनको चम्किलो उपस्थितिले राधिकाको जीवन उज्यालो बनाएको थिएन, उनको भित्रको उज्यालो ढाक्दै लगेको थियो । समस्या आउँदा टाढा रहने, कमजोरी देख्दा नजिकिने रोहनको यही दोहोरो चरित्रले राधिकालाई फेरि एक पटक मानसिक जेलतिर धकेल्दै थियो । रोहनसँगको दूरी बढेपछि राधिका फेरि एक्लिइन् । एक्लोपनको डरले उनले आफूलाई लगातार कसै न कसैको सहारामा राख्न खोजिन् । कहिले कुनै सामाजिक अभियन्ता, कहिले कुनै व्यापारी, कहिले विदेशबाट आएका चम्किला शब्द बोल्ने पुरुष- एकपछि अर्को मान्छे उनको जीवनमा आए । सबैको सुरुवात मीठो थियो । सबैले भने, 'म तिमीलाई बुझ्छु ।' तर बुझाइ केही समयमै थाक्थ्यो । कसैलाई उनको विगत भारी लाग्थ्यो, कसैलाई उनका बच्चाहरू बाधाजस्ता देखिन्थे, कसैलाई उनको संवेदनशीलता कमजोरी । कोही फोटोका लागि नजिकिन्थे, कोही नामका लागि, कोही शरीरको एकान्त खोज्दै । राधिका हरेक पटक आशा बोकेर अघि बढ्थिन् र हरेक पटक खाली हात फर्किन्थिन् ।समयसँगै उनको मन थाक्न थाल्यो । अब उनले माया खोजिरहेकी थिइनन्, आफूलाई नछोड्ने साथीको साथ खोजिरहेकी थिइन् । तर जति खोजिन्, जति मान्छे आए- कोही पनि जीवन बराबरका आएनन् । कसैको आवाज ठुलो थियो, तर मन सानो; कसैको भविष्य चम्किलो थियो, तर वर्तमानमा साथ थिएन ।

एक रात उनले आफूलाई ऐनामा हेरेर सोधिन्, 'म सधैँ अरू नै किन खोजिरहेकी छु ?' उत्तर सजिलो थियो, किनकि उनले आफूलाई बचाउने मौन माया गुमाइसकेकी थिइन् । त्यही क्षण उनले बुझिन्, माया भेट्टाउने कुरा होइन, चिन्न सक्ने कुरा हो । र, जीवनजस्तो माया फेरि खोजेर पाइँदैन, त्यो त समयले एकपटक मात्र दिन्छ ।

त्यसपछि राधिका क्रमशः सबैबाट टाढा हुन थालिन् । फोन र म्यासेजको उत्तर ढिलो-ढिलो आउँदै बन्द हुँदै गयो । सामाजिक सञ्जालका चम्किला संसारले उनलाई अब थकित बनाउँथ्यो । भीडमा रहँदा पनि उनी पूर्ण रूपमा एक्लो महसुस गर्थिन् र एक्लो रहँदा पनि अब डर लाग्दैनथ्यो ।

दिनहरू शान्त भए । शान्ति भनेको खुसी होइन, तर स्वीकारोक्ति थियो । उनी अब कसैलाई दोष दिन चाहँदैन थिइन् । न रोहनलाई, न आफूले पछि रोजेका अरू कसैलाई । किनकि समस्या उनले भेटेका मानिसहरू थिएनन्, समस्या उनको खोज थियो ।

एक साँझ, एक्लै बस्दा उनलाई जीवनको अनुहार स्पष्ट सम्झना आयो । उसको मौनता, उसको धैर्य, उसको कहिल्यै नथाक्ने माया- त्यही मौनमा उनले जीवनलाई अन्तिम रूपमा बुझिन् । जीवन कुनै मान्छे मात्र थिएन, त्यो त उनको जीवनको त्यो अध्याय थियो, जहाँ माया स्वार्थविहीन थियो, जहाँ साथ प्रमाणित गर्न शब्द चाहिँदैनथ्यो ।

उनले आफूलाई सम्झाइन्, 'मैले जीवनलाई गुमाएको होइन कि उसलाई बुझ्न ढिला गरेछु ।'

त्यो बोधले उनलाई रुवाएन, हल्का बनायो । अब उनी कसैको खोजीमा थिइनन् । न प्रेमको, न सहाराको । उनी आफैँसँग बस्न सिकेकी थिइन् । र, त्यही एक्लोपनमा उनले पहिलो पटक आफूलाई सुरक्षित महसुस गरिन् ।

कहिलेकाहीँ उनी आँगनमा बसेर साँझको घाम अस्ताएको हेर्थिन् । मनमा कुनै अपेक्षा हुँदैनथ्यो । केवल कृतज्ञता हुन्थ्यो- जीवनजस्तो माया एकपटक भेटिएकोमा ।

राधिका अब कथा मात्र थिइनन् । उनी चेतावनी थिइनः जसले माया चिन्न ढिला गर्छ, उसले जीवनभर खोजिरहन सक्छ । त्यसपछि समयले आफ्नै बाटो हिँड्यो । राधिकाको जीवन शान्त देखिन्थ्यो, तर त्यो शान्तिभित्र अपुरोपनको एउटा कोमल छाया अझै बाँकी नै थियो । एक दिन, समाजसेवाका क्रममा कसैले उनलाई सहरबाहिर सञ्चालनमा रहेको एउटा वृद्धाश्रमबारे सुनायो । असहाय वृद्ध र बालबालिकाको संरक्षणका लागि खोलिएको त्यो आश्रमको नाम सुन्दा उनको मन एकाएक थर्कियो । आश्रम सञ्चालन गर्ने व्यक्तिको नाम थियो- जीवन । मन नचाहँदा पनि उनका खुट्टा त्यतै लागे । आश्रमको आँगन सानो थियो, तर सफा र न्यानो । वृद्धहरूको आँखामा भरोसा थियो । त्यही आँगनको कुनामा सेतो कपाल, शान्त अनुहार र उस्तै मौनता बोकेर जीवन बसेको थियो । राधिकाले केही बोल्न सकिनन् । जीवनले पनि उनलाई देखेर कुनै प्रश्न गरेन । केही क्षण मौनता छायो ।

. त्यो मौनता अपमानको होइन, बुझाइको थियो । राधिकाका आँखाबाट आँसु झरे । उनले जीवनको हात समातेर भनिन्, 'म ढिला आएँ, तर आज बुझेर आएँ ।' राधिका जीवनको खुट्टा समातेर रोइन्, 'माफ गर्नुहोस् ! मैले हजुरजस्तो देवतालाई चिन्न सकिनँ ।'

जीवन मुस्कुरायो । त्यो मुस्कानमा कुनै गुनासो थिएन । दयालु जीवनले सान्त्वना दियो र भन्यो, 'तिमीलाई थाहा छ, असल मान्छेले खराब परिस्थिति र खराब स्थानमा पनि असल काम गर्छ । भएको पनि त्यही हो र मैले गरेको पनि त्यही नै हो ।'

त्यही आश्रममा उनीहरू दिन बिताउन थाले । वृद्धहरूको हाँसो, बच्चाहरूको चहलपहलबिच उनीहरू फेरि नजिकिए । शब्द कम थिए, तर मन भरिएका थिए । दिनहरू बित्दै गए । राधिका आश्रमको काममा हातेमालो गर्न थालिन् । जीवनले सञ्चालन गरेको, त्यो आश्रम अब केवल सेवा केन्द्र थिएन, त्यो उनीहरूको साझा जीवनको नयाँ अध्याय थियो ।

अब राधिका एक्लो थिइनन् । जीवन पनि मौनतामा मात्र सीमित थिएन । उनीहरूबिचको माया ठुलो स्वरमा होइन, साना काम, साना हेरचाह र साझा जिम्मेवारीमा बाँचेको थियो । आश्रमको आँगन सानो थियो, तर त्यहाँ माया अटाएको थियो ।

बिहानको घाम झ्यालबाट पस्दा राधिकालाई लाग्थ्यो, 'यो घाम पहिले पनि देखेकी थिएँ, तर आज यसले पोल्दैन, न्यानो दिन्छ ।'

राति आँखा बन्द गर्दा उनी एक्लो थिइनन् । जीवनको सासको आवाज उनको ढाडस बनिसकेको थियो । एक साँझ आश्रमको घण्टी बज्दा राधिकाले जीवनको हात समातेर भनिन्, 'यदि समय फर्किन्थ्यो भने म तिमीलाई फेरि छोड्दिनँ ।'

जीवनले शान्त स्वरमा भन्यो, 'समय फर्किनु पर्दैन । बुझाइ फर्किनु नै पर्याप्त हो ।' त्यो दिन राधिका रोइनन् । किनकि त्यो आँसु दुःखको थिएन, स्वीकृतिको थियो । अब उनी कथा थिइनन् । उदाहरण थिइन् ।

घरेलु हिंसाबाट निस्केका महिलाहरू उनको कुरा सुनेर भन्थे, 'हामी पनि बाँच्न सक्छौँ !' र जीवन- ऊ अझै त्यही थियो, नामजस्तै 'जीवन' ।

आश्रमको साँझमा घाम अस्ताउँथ्यो, तर उनीहरूको मनमा अँध्यारो आउँदैनथ्यो । किनकि उनीहरूले बुझिसकेका थिए- प्रेम आवाजले होइन, मौनताले बाँच्दो रहेछ; स्वार्थले होइन, त्यागले टिक्छ; र ढिलो भेटिए पनि साँचो प्रेम कहिल्यै गलत हुँदैन । रातोपाटीबाट

## विवाह...

सम्बन्ध राख्नु गल्ती होइन र? तर यो गल्ती त उसले स्वीकार गरेको पनि त छ! लोग्ने मान्छेको जात कुनै महिलाले सम्बन्ध राख्न चाहेमा रोकिनै नसक्ने! कसैले फसाउन चाहे सजिलै फस्छन्।'

आफ्नो लोग्नेलाई पनि त्यो केटीले फसाएकै हो भन्ने कुरामा उनी एक मनले सहमत भइन् तर लोग्नेको गल्तीले आफ्नो जीवन अन्धकार भएको विषयमा भने उनी निकै दुखित भइन्। लोग्नेले राखेको 'बरू सम्बन्ध विच्छेद पछि पनि म दुबै जनालाई मिलाएर राख्ने प्रयास गर्नेछु यस कुरामा म उसलाई सहमत गराउँछु,' भनेको सम्झिइन्।

'के यो सम्भव छ?' उनले आफैलाई सोधिन् र आफैले जबाफ दिइन्, 'अँ हँ! सम्भव छैन। म बिहे गरेर आएकी मान्छे लोग्नेसँग सम्बन्ध विच्छेद गरेकी दोस्रो दर्जाकी श्रीमती भएर सौतासँग बस्न कुनै हालतमा सम्भव छैन।' आफैले जबाफ दिइन्।

'अब कहाँ जाने, के गर्ने त, के माइत जाने?' फेरि आफैले आफैलाई सोधिन् र फेरि जबाफ दिइन् 'माइतीलाई पीर पार्न र पछि बोझ बन्न माइत पनि नजाने। समय र परिस्थितिले जे गराउँछ, जहाँ पुर्‍याउँछ त्यहीँ जाने, त्यही गर्ने। आखिरमा उमेर छ पढेकी पनि छु, केही न केही गरेर, केही बनेर देखाउँछु, म पनि कुनै लोग्ने मान्छे खोज्न पनि त सक्छु।'

हुन त लोग्नेसँग सम्बन्ध विच्छेद गरेर जाँदा लोग्नेको आधा अंश पाउने कानुनी व्यवस्थाका बारेमा उनी जानकार नभएकी भने होइनन् तर छोड्ने लोग्नेसँग अंश माग्ने सोच नै गलत हो भन्ने उनको ठम्याई रह्यो। यी सबै कुरामा सोविचार गरी अब लोगेको घर आजै छोड्ने निष्कर्षमा पुगिसकेपछि उनले लोग्नेका नाममा एउटा चिट्ठी लेखिन्।

'प्राण प्यारा!

तपाईंसँग सात जन्म सँगै बिताउने कसम खाएर विवाह बन्धनमा बाँधिएकी थिएँ र जिन्दगीभरी हजुरसँगै रमाएर बस्ने धोको थियो तर नियतिलाई यो मञ्जुर रहेनछ। यो सम्बन्ध ७ महिना पनि पूरा टिक्न सकेन। यसमा म हजुरलाई पनि दोष दिन्नँ किनकी यो मेरो कर्मको दोष हो। यदि अर्को जन्म भएछ भने र नियतिलाई मञ्जुर भएछ भने अन्य जन्ममा यो सम्बन्धलाई दीर्घ बनाउँला भनेर चित्त बुझाउँदै म तपाईंको घर र तपाईंसँगको सम्बन्धबाट समेत अलग हुँदैछु। नववैवाहिक जीवनको शुभकामना छ। हुन त हिजैदेखि म तपाईंकी रहिन तर माफ गर्नुहोला। हिजोको रात मैले तपाईंकै छहारी मुनि बिताएँ र आजबाट म तपाईंसँगको सबै किसिमको सम्बन्धबाट अलग हुँदैछु। मेरो मोबाइल नम्बर हजुरलाई यादै छ, कानुनी प्रक्रिया पूरा गर्नका लागि कहिले कहाँ आएर सही गर्नुपर्ने हो खबर पाऊँ म आएर सही गरिदिइ हाल्छु।

एकअर्कालाई परेको आपत् विपदमा सहयोग गर्ने कसम खाएर बिहे गरेको हुँदा हजुरलाई परेको आपदमा सहयोग गर्नु मेरो कर्तव्य नै सम्झेर सकेसम्म सहयोग गर्ने निष्कर्षमा पुगी मैले हिजै हजुरले तयार गरेको कागजमा सही गरी सकेकै छु। आगामी दिनमा म जे-जस्तो अवस्थामा रहे पनि तपाईंसँग बिताएका यी सुनौला दिन मेरो जीवनभर सम्झनामा आइरहने छन्। हजुरका कपडाहरू सबै पट्याएर दराजमा राखिदिएकी छु। अब त छिट्टै अर्की पनि आइहाल्छे होला तबसम्मलाई पुग्ने खाद्यान्न छ।

मसँग भएका हजुरका सबै पैसा तथा तपाईंले दिनुभएका गरगहना र लुगा सबै दराजमा राखी साँचो सिरानमुनि राखिदिएकी छु। सबै गरगहना र लुगाफाटो नयाँ आउने श्रीमतीलाई दिनुहोला र सफल र दीर्घ वैवाहिक जीवनका लागि मेरो तर्फबाट उसलाई शुभकामना पनि सुनाइदिनुहोला।

मैले लगाएका एक सरो लुगा र हजुरले किनिदिनुभएको मोबाइल मैले लगेकी छु। मोबाइल अदालतमा हुने भेटमा फिर्ता गर्नेछु। हजुरसँग अब एक पटक मात्र अदालतमा भेट हुनेछ। वैवाहिक जीवनको यो छोटो बसाइँमा मबाट कुनै गल्ती भएको भए माफ गरिदिनु होला।

माथि नै भनिसकेँ पुनर्जन्म भएमा र नियतिले साथ दिएमा अर्को जन्ममा जिन्दगीभर सँगै बसी यस जन्मका अधुरा इच्छा र कामनाहरू पूरा गरौंला। हवस् त बिदा हुन्छु।

हजुरको भलो चिताउने हिजोसम्मकी हजुरकी उही-

रजनी

चिट्ठी खुल्लै ओछ्यानमा र दराजको साँचो सिरान मुनि राखी भित्री लुगाको एउटा सानो पोको बोकेर रजनी ढोकाबाट बाहिर निस्किइन्। गन्तव्यहीन, शून्य दिमाग र सोच शून्य भए। सेतोपाटीबाट


# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ